०८७-४६०२५२
४६०२५३
४६०२५४

छाँयानाथ रारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(प्रशासन शाखा)

गमगढी, मुगु
कर्णाली प्रदेश, नेपाल

प.सं.: ०७५/०७६
च.नं.: १८३

## खुल्ला प्रतियोगिता मार्फत नगर प्रहरी पदपूर्ति गर्ने सम्बन्धि सूचना

सूचना नं. ०७।०७५।७८
प्रथम पटक प्रकाशित मिति : २०७५।१०।०८

यस नगरपालिकाको कार्यालयलाई नगर प्रहरीको देहाय बमोजिमका पदमा खुल्ला प्रतियोगिता मार्फत् सेवा करारमा भर्ना गर्न आवश्यक भएकाले तपसिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र यस कार्यालयमा दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | पद विवरण | माग पद संख्या | कै |
|---|---|---|---|
| १ | नगर प्रहरी (पाँचौ तह) | १ | |
| २ | नगर प्रहरी (चौथो तह) | ४ | |
| | नगर प्रहरी जवान | २० | |
| | | (नगर प्रहरी भर्ना गर्दा समावेशी सिद्दान्त अपनाइने छ ।) | |

१. परीक्षाको किसिम : शारिरीक तन्दुरुस्ती, लिखितपरीक्षा र अन्तरवार्ता ।
२. परीक्षा केन्द्र : नगरपालिकाले तोके बमोजिम हुने ।
३. उम्मेदवारको उमेर हद : दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भइ ३० वर्ष ननाघेको हुनुपर्नेछ । तर नगर प्रहरी इन्चार्जको हकमा अवकाश प्राप्त प्रहरी सहायक निरीक्षक वा नेपाली सेनाको जमदार वा सो सरहको नेपाल सरकारको सुरक्षा निकायमा काम गरेको ३५ वर्ष पुरा भई ४५ वर्ष पुरानगरेको ।
४. दरखास्त दस्तुर : नगर प्रहरी पाँचौ तहको लागि रु. ७००।– चौथो तहको हकमा रु. ५००।- र अन्यको हकमा रु.३००।–
५. परीक्षा कार्यक्रम : दरखास्त स्वीकृत भएका उम्मेदवारको शारिरीक तन्दुरुस्तीको परीक्षण पश्चात, लिखित परीक्षा र अन्तरवार्ताको मिति प्रकाशन गरिनेछ ।
६. कामको विवरण : सेवा सँग सम्बन्धित TOR मा तोकिए बमोजिम ।
७. तलब तथा अन्य सेवा सुविधा : करार सम्झौतामा उल्लेख भए बमोजिम ।
८. दरखास्त फारामका साथ पेश गर्नुपर्ने कागजातहरु : अद्यावधिक व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, अनुभव प्रमाणपत्र, पासपोर्ट साइजको फोटो ३ प्रति ।
९. दरखास्त दस्तुर बापतको रकम यस नगरपालिकाको कार्यालयमा बुझाई सो को सक्कल रसिद दरखास्त फाराम साथ संलग्न राखी पेश गर्नु पर्नेछ ।
१०. आवश्यक न्यूनतम योग्यता :
  क. नगर प्रहरी पाँचौ तहको हकमा मान्यताप्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको, चौथो तहको हकमा मान्यताप्राप्त शैक्षिक संस्थाबाट एस एल सी वा सो सरह उत्तीर्ण गरेको, अन्यको हकमा मान्यताप्राप्त शैक्षिक संस्थाबाट कक्षा ८ पास वा सो सरह उत्तीर्ण गरेको,
  ख. नैतिक पतन देखिने गरी फौजदारी अभियोगमा सजाय नपाएको,
  ग. राजनैतिक दलको सदस्य नरहेको,
  घ. आतङ्ककारी संगठनको सदस्य नरहेको,
  ङ. भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी नोकरीबाट बरखास्त नभएको,
  च. शारिरीक परीक्षणको लागि मापदण्ड :

| सि.नं. | विवरण | पुरुष (न्यूनतम) | महिला (न्यूनतम) | कै. |
|---|---|---|---|---|
| १ | उचाइ | ५ फिट २ इन्च | ५ फिट | |
| २ | तौल | ५० केजी | ४२ केजी | |
| ३ | छाती | ३१-३३ इन्च | | |
| ४ | आँखा | माइनस २ वा प्लस २ भन्दा कमजोर नभएको | | |

११. शारिरीक तन्दुरुस्ती :
  क. दौड (लामो): पुरुष- ३००० मि. महिला ३००० मि., दौड(छोटो) पुरुष- २०० मि., महिला २०० म.
  ख. पुश अप : १५
  ग. सेट अप : १०
  घ. चिन अप : १०

सूचना शाखा Website मा अपलोड गरिदिनुहुन ।

प्रमुख प्रशासकीय अधिकृत

छाँयानाथ रारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(प्रशासन शाखा)

☎०८७-४६०२५२
४६०२५३
४६०२५४

गमगढी, मुगु
कर्णाली प्रदेश, नेपाल

प.सं.: ०७५/०७६
च.नं.: ९८२

## करारमा प्राविधिक कर्मचारी पदपूर्ति गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५।१०।०६

यस नगरपालिकाको लागि नेपाल सरकारबाट स्वीकृत दरबन्दी संरचना भित्र रहेका निम्न पदहरुको तत्काल पूर्ति नहुँदा नगरपालिकाका विकास निर्माण लगायतका योजनाहरु कार्यान्वयनमा प्रभावित हुने भएकोले समायोजन भई आएमा/स्थायी पदपूर्ति भई आएमा छनौट योग्यताक्रमको कनिष्ठताको आधारमा बाहिरिने गरी हाललाईकरारमा लिइ सेवा प्रवाह गर्न आवश्यक भएकोले तपसिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र यस कार्यालयमा दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| विज्ञापन नं. | पद/श्रेणी | पद संख्या | न्यूनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर | कै. |
|---|---|---|---|---|---|
| ४/०७५/०७६ | इन्जिनियर | २ | सिभिल इन्जिनियरिङ्गमा स्नातक उत्तीर्ण | रु.१०००/- | |
| ५/०७५/०७६ | सब इन्जिनियर/अ.स.इ. | ८ | सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण वा प्राविधिक एस एल सी उत्तीर्ण | रु.७००/- | |

१. दरखास्त बुझाउने स्थान : नगर कार्यपालिकाको कार्यालय, छायाँनाथ रारा नगरपालिका, गमगढी, मुगु ।
२. परीक्षाको किसिम : प्राप्त हुन आएका दरखास्तहरुलाई शैक्षिक योग्यता, कार्य अनुभव र स्थायी ठेगानाको आधारमा मूल्याङ्कन गरी सूचीकृत गरिनेछ र सोही उम्मेदवारहरुमध्येबाट सीप परीक्षण, अन्तरवार्ता र उपयुक्त प्रकृयाको माध्यमबाट छनौट गरिनेछ ।
३. सम्पर्क मिति : दरखास्त बुझाउने अन्तिम मितिको भोलिपल्ट र सो दिन विदा भएमा त्यसपछि कार्यालय खुलेको दिन ।
४. काम गर्नुपर्ने स्थान र कार्य विवरण : छायाँनाथ रारा नगरपालिका भित्र वा नगरपालिकाले तोकेको विभिन्न वडा ।
५. तलब तथा अन्य सेवा सुविधा : करार सम्झौतामा उल्लेख भएबमोजिम ।
६. उमेरको हद : दरखास्त दिने अन्तिम मितिसम्म - इन्जिनियरको हकमा २१ वर्ष परा भई ३५ ननाघेको र सब इन्जिनियर तथा असिस्टेन्ट सब इन्जिनियरको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने (महिला/अपाङ्गता भएका व्यक्तिको हकमा अधिकतम उमेर ४० वर्ष ननाघेको)।
७. अवधि :पदपूर्ति गरिएका पदहरुमा नेपाल सरकारबाट समायोजन/ स्थायी पदपूर्ति भइ कर्मचारी खटीइ आएमा सो पदको करार सम्झौता स्वत: रद्द हुनेछ । साथै कार्य सन्तोषजनक नभएमाकार्यालयलेजुनसुकै समयमा हटाउन सक्नेछ ।
८. दरखास्त फारामका साथ पेश गर्नुपर्ने कागजातहरु : अद्यावधिक व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, अनुभव प्रमाणपत्र, पासपोर्ट साइजको फोटो ३ प्रति ।
९. दरखास्त दस्तुर बापतको रकम यस नगरपालिकाको कार्यालयमा बुझाई सो को सक्कल रसिद दरखास्त फाराम साथ संलग्न राखी पेश गर्नु पर्नेछ ।
१०. दरखास्त फाराम तथा सूचना यस कार्यालयको वेभसाइट www.chhayanathraramun.gov.npबाट समेत प्राप्त गर्न र हेर्न समेत सकिन्छ र थप जानकारीक लागि फोन नं. ०८७-४६०२५३ मा सम्पर्क गर्न सकिनेछ ।
११. छनौट भएको उम्मेदवारहरुसंग ७ दिनभित्र सेवा करार सम्झौता गरी कार्य प्रारम्भ गरिनेछ । यदी सो मिति भित्र सम्झौता गर्न नआएमा योग्यता क्रममा रहेका अन्य उम्मेदवारहरुसँग करार गर्न सकिनेछ ।
१२. नगरपालिकाले आफ्नो आवश्यकता तथा श्रोतका आधारमा पदपूर्तिका लागि माग गरेको संख्या थपघट गर्न सक्नेछ ।
१३. कर्मचारी छनौट सम्बन्धि सम्पूर्ण अधिकार नगरपालिकासँग निहित हुनेछ ।

सूचना शाखा website मा अपलोड गर्नुहोस्

email : chhayanathraramun@gmail.com
website : www.chhayanathraramun.gov.np

प्रमुख प्रशासकीय अधिकृत